Regd. No.: 104817

# मोदी ईनर्जी लिमिटेड

(साबिक मोदी ईनर्जी प्रा. लि.)

तल्लो मोदी खोला जलविद्युत आयोजना (२० मे वा)

# Modi Energy Limited

(Former Modi Energy Pvt. Ltd.)

Lower Modi Khola Hydroelectric Project (20 MW)

MODI ENERGY

च. नं. ७९/०८१./०८२

मितिः २०८२/०३/०३

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल

**बिषयः विशेष साधारण सभा तथा शेयर दाखिल खारेज बन्द (Book Close) गर्ने सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा मिति २०८२/०३/०२ गते दिउँसो ३ बजे बसेको यस कम्पनीको सञ्चालक समितिको ६३ औं बैठकले निर्णय गरे बमोजिम कम्पनीको विशेष साधारण सभा मिति २०८२ असार १९ गते विहान ११ बजे हुने भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

साथै, कम्पनीको विशेष साधारण सभा प्रयोजनको लागि मिति २०८२/०३/१२ गते एक दिनका लागि कम्पनीको शेयर दाखिल खारिज बन्द रहनेछ । कम्पनीको विशेषं साधारण सभा सम्बन्धी सूचना मिति २०८२/०३/०३ गतेको समाचार पत्रमा संलग्न बमोजिम प्रकाशित गरिएको व्यहोरा समेत जानकारी गराउँदछौं ।

भवदीय

Modi Energy Ltd. 1996 Kathmandu

आरती शाक्य
लेखा तथा प्रशासन प्रमुख

बोधार्थ,
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री विद्युत नियमन आयोग, सानो गौचरण, काठमाण्डौ ।
श्री सिडिएस एण्ड क्लियरीङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाण्डौं ।

# मोदी इनर्जी लिमिटेड

**डिल्लीबजार, काठमाण्डौ**

## विशेष साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०३/०३

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस कम्पनीको मिति २०८२/०३/०२ मा बसेको ६३ औं सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको विशेष साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न प्रस्ताव उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८२/०३/१९ गते बिहीबार (जुलाई ३, २०२५)

समय : बिहान ११ बजे

स्थान : रानी महल ब्याङ्क्वेट, ज्ञानेश्वर, काठमाण्डौ ।

**क. विशेष प्रस्तावः**

१) कम्पनीको हाल रहेको चुक्ता पुंजी रु. २,९०,००,००,०००/– को १:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने सम्बन्धमा ।

२) हकप्रद शेयर जारी पश्चात प्राप्त पुँजीको उपयोग सम्बन्धमा ।

३) कम्पनीको अधिकृत तथा जारी पुँजी वृद्धि गर्ने तथा सोही अनुसार प्रबन्धपत्रमा संशोधन गर्ने सम्बन्धमा ।

४) संस्थापक समूहबाट रिक्त रहेको १ जना सञ्चालक नियुक्तिको अनुमोदन गर्ने सम्बन्धमा ।

५) हकप्रद शेयर जारी गर्ने कार्य गर्दा नियमनकारी निकायबाट सोसँग सम्बन्धित कुनै फेरबेदल, सुझाव वा निर्देशन दिएमा सोहीअनुरुप गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धमा ।

**ख. विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी सामान्य जानकारीः**

(१) यस कम्पनीको विशेष साधारण सभा प्रयोजनको लागि मिति २०८२/०३/१२ गते यस कम्पनीको शेयर दाखिल खारेज बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०३/११ गतेसम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाण्डौमा रहेको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन योग्य हुनेछन् ।

(२) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको प्रमाण तथा परिचय खुल्ने कुनै प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

(३) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्ने छ । हाजिरी पुस्तिका विहान १०:०० बजे देखि खुल्ला रहनेछ ।

(४) नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेख) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न सक्नेछन् । संयुक्त रुपमा शेयर लिएको शेयरधनीको हकमा सर्वसम्मत एक व्यक्ति मात्र सभामा भाग लिन पाउने छ । सर्वसम्मत प्रतिनिधि तोक्न नसकेको खण्डमा शेयरधनीको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोही व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।

(५) सभामा भाग लिन स्वयम् उपस्थित हुन नसक्ने भई प्रोक्सी मार्फत प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्रर्ड कार्यालय, डिल्लीबजार, काठमाण्डौमा प्रोक्सी दर्ता गरी सक्नुपर्नेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी स्वयम् सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा उक्त प्रोक्सी स्वतः बदर हुनेछ ।

(६) कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

(७) कुनै शेयरधनी महानुभावहरुलाई कम्पनी सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखितरुपमा सभा शुरु हुनुभन्दा कम्तीमा ७ दिन अगावै कम्पनीको रजिष्ट्रर्ड कार्यालय डिल्लीबजार, काठमाण्डौमा पठाउनु हुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

(८) अन्य विस्तृत जानकारीको लागि कम्पनीको रजिष्ट्रर्ड कार्यालय डिल्लीबजार, काठमाण्डौमा कार्यालय समय भित्र फोन नं. ४५४१४४४ मा सर्म्पक राख्न सक्नु हुनेछ ।

(९) अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन् ।